# खपको पहिचान

## कक्षा ३



## स्थानीय पाठ्यक्रम

**भक्तपुर नगरपालिका**

स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२



चथाः पूजामा प्रयोग हुने गणेशको चित्र



चथाः पूजा

# भक्तपुर नगरपालिका

## स्थानीय पाठ्यक्रम (परिमार्जित)

२०८२

# ख्वपको पहिचान

## आधारभूत शिक्षा

## कक्षा ३


**प्रस्तुतकर्ता**

स्थानीय पाठ्यक्रम निर्माण तथा परिमार्जन कार्यदल :

१. योगेन्द्रमान बिजुक्छैं

२. सिद्धिरत्न शाक्य

३. उद्धव सुजखु

४. रोशनराज तुइतुईं

५. राजेन्द्रप्रसाद श्रेष्ठ

**प्रकाशक**
भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

**ले–आउट**
दत्तात्रय डिजाइन एण्ड प्रि–प्रेस
भक्तपुर, ९८४९६८४८०१

**सर्वाधिकार © : प्रकाशकमा निहित**
दोस्रो संस्करण : वि.सं. २०८२
प्रथम संस्करण : वि.सं. २०७७

**मुद्रण**
भक्तपुर अफसेट प्रिन्टर्स
ब्यासी, भक्तपुर
☎ ६६१३८८८

---

कभर फोटो : होलीपर्व मनाउँदै

| क्षेत्र | शीर्षक | पृष्ठ |
|---|---|---|
| क्षेत्र १ | ख्वप देय् (भक्तपुर नपा) को चिनारी | १ |
| क्षेत्र २ | ख्वपको इतिहास | २ |
| क्षेत्र ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ३ |
| | (क) ख्वपमा पाइने थरहरू | ३ |
| | (ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | ४ |
| क्षेत्र ४ | स्थानीय बोलीचाली र लिपि | ५ |
| | (क) स्थानीय सम्बोधन गर्ने शब्दहरू | ५ |
| | (ख) स्थानीय भाषामा परिवारका सदस्यहरू र आफन्तहरूलाई सम्बोधन गर्ने शब्दहरू | ६ |
| क्षेत्र ५ | व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा | ७ |
| क्षेत्र ६ | स्थानीय विविध संस्कृति | ९ |
| | (क) होली पर्व | ९ |
| | (ख) बिस्का जात्रा | १२ |
| क्षेत्र ७ | प्रचलित स्थानीय संस्कार | १४ |
| | (क) चथा पूजा | १४ |
| | (ख) येन्या पुन्हि | १६ |
| क्षेत्र ८ | स्थानीय कला र सम्पदाहरू | १८ |
| | (क) स्थानीय बाजाहरू | १८ |
| | (ख) स्थानीय नाचहरू | २० |
| | (ग) स्थानीय मन्दिर | २१ |
| क्षेत्र ९ | स्थानीय व्यवसाय, सीप र प्रविधि | २३ |
| | (क) पेशा | २३ |
| | (ख) माटाका सामानहरू | २३ |
| | (ग) सिलाइ बुनाइ | २३ |
| | (घ) खाद्य परिकार | २४ |
| क्षेत्र १० | स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | २५ |
| क्षेत्र ११ | स्थानीय खेल | २६ |
| क्षेत्र १२ | स्थानीय पर्यटन | २७ |
| समष्टिगत मूल्याङ्कन अभिलेख | | २८ |
| निरन्तर मूल्याङ्कन प्रणाली | | २९ |

भक्तपुर नगरपालिका
BHAKTAPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
ब्यासी, भक्तपुर
BYASI, BHAKTAPUR
बागमती प्रदेश, नेपाल

पत्र संख्या : ९६२
चलानी नं. : २५२

मितिः- २०८२।५।१२

# नगर प्रमुखको भनाइ

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकारअनुसार वि.सं २०७५ सालदेखि २०७८ सालसम्म प्रत्येक वर्ष दुई दुई वटा कक्षाहरूको पाठ्यक्रम तयार गरी चार वर्षमा कक्षा १ देखि ८ सम्म नगरका ९२ वटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गऱ्यौं । स्थानीय पाठ्यक्रममार्फत नयाँ पुस्ताका बालबालिकाहरूलाई भक्तपुरको विशेषता र पहिचानकाबारे अवगत गराउने हाम्रो उद्देश्य हो । भक्तपुर नगर प्राकृतिक रूपमा धनी नभए पनि आफ्नै मौलिक संस्कृति, सम्पदा, परम्परागत ज्ञान, सीप र सभ्यतामा अब्बल छ ।

पाठ्यक्रम लागु भएको विगतका केही वर्षमा प्रत्यक्ष अनुभव हुनेगरी विद्यालयमा पढ्ने बालबालिकाहरूमा आफ्ना संस्कृति, सम्पदा र परम्पराकाबारेमा चासो बढेको र यसलाई आत्मसात गर्न थालेको कुरा गत वर्ष मंसिर २८ गतेदेखि पुस २ गतेसम्म सम्पन्न पाँच दिने भक्तपुर महोत्सवले पनि पुष्टि गरिसकेको छ । जन्मदेखि मृत्यु पर्यन्त नेवारी संस्कारगत क्रियाकलापको प्रदर्शनीमा विद्यालयमा पढ्ने बालबालिकाको सहभागिताले यसलाई पुष्टि गर्यो । हाम्रो आफ्नै सम्पदा र जीवनशैलीका बारेमा उनीहरूमा थप कौतुहलता स्थानीय पाठ्यक्रमको पठनपाठनले जगाईदिएको छ । विभिन्न अन्य पालिकहरू पनि हाम्रो यस प्रयासका बारेमा चासो राख्दै स्थानीय पाठ्यक्रम निर्माण गर्न उत्साहित भए । यसमा हामी सबै खुशी छौं ।

समय समयमा पाठ्यक्रमलाई परिमार्जन पनि गनुपर्ने मान्यताअनुसार विभिन्न सुझावहरू पनि हामीले प्राप्त गर्यौं । ती सुझावलाई केलाउँदै हामीले पाठ्यक्रम निर्माण कार्यदलका साथीहरूसंग निरन्तर छलफल पनि गर्यौ र आवश्यक परिमार्जनका लागि सोही कार्यदललाई परिमार्जनका लागि पहल गर्न जिम्मेवारी दियौं । करिब ९ महिनाको निरन्तर प्रयासमा कार्यदलले हामीलाई परिमार्जित पाठ्यक्रमको मस्यौदा बुझायो र त्यसमा आवश्यक छलफल र पृष्ठपोषणसहित हामीले यसलाई अन्तिम चरणमा पुऱ्यायौं । परिमार्जन गर्ने कार्यदलका साथीहरु, स्थानीय पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरू तथा लागु गर्न सहजीकरण गर्ने सबै प्रधानाध्यपकहरूमा भक्तपुर नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता ज्ञापन गर्दछौं । पहिलेका वर्षहरूमा जस्तै यसको पठन-पाठनलाई अझ व्यवस्थित रुपमा अगाडि लैजान सबै सरोकारवालाहरुले आआफ्नो स्थानमा रहेर सकारात्मक भूमिका खेल्नुहुनेछ भन्ने आशा गर्दछौं ।

२०८२।५।१२

सुनिल प्रजापति

प्रमुख

# हाम्रो भनाइ

पाठ्यक्रम निर्माणको प्रक्रियामा पाँच वर्षमा परिमार्जन र दश वर्ष पश्चात् परिवर्तन गरिनुपर्ने मान्यता रहिआएको छ। भक्तपुर नगरपालिकाद्वारा निर्मित यस स्थानीय पाठ्यक्रम 'ख्वपको पहिचान' निर्माणको शुरुवातको वर्ष वि.सं. २०७५ थियो। सो वर्ष कक्षा १ र ६ को, दोस्रो वर्ष २०७६ मा कक्षा २ र ७, तेश्रो वर्ष २०७७ मा कक्षा ३ र ८ तथा चौंथो वर्ष २०७८ मा कक्षा ४ र ५ को पाठ्यक्रम तयार गरी सो चौंथो वर्षमा कक्षा १ देखि ८ सम्म पूर्ण लागुसमेत भएको सर्वविदितै छ। पाठ्यक्रम निर्माणको पहिलो वर्ष २०७५ सालबाट गणना गर्दा पाठ्यक्रम लागु भएको ७ वर्ष तथा चौंथो वर्ष २०७८ बाट गणना गर्दा ४ वर्ष पूरा भइसकेको देखिन्छ।

स्थानीय पाठ्यक्रम लागु भएको वर्षदेखि नै पाठ्यक्रमका विविध पक्षका बारेमा निर्माण कार्यदलले पनि निरन्तर अध्ययन गर्दै आयौं। अपेक्षा अनुसार परिमार्जन गर्दा ध्यान दिनुपर्ने विभिन्न विषय तथा सुझावहरु समेत निरन्तर प्राप्त गर्दै आयौं। विशेषतः कक्षामा पढाउने शिक्षकहरुबाट पाठ्यक्रममा गरिनुपर्ने सुधारका बारेमा गहकिलो सुझावहरु प्राप्त भयो। देशभरिमा नै पालिकास्तरमा पहिलोपल्ट लागु भएको स्थानीय पाठ्यक्रको पठनपाठन कसरी भइरहेको छ भन्ने बारेमा नगरपालिका स्वयं पनि चनाखो रह्यो। पठनपाठन सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले दुई विज्ञहरुलाई कक्षा अवलोकन र अनुगमनको व्यवस्था पनि गऱ्यो।

पाठ्यक्रम लागु भएको २/३ वर्षमै आफ्ना नानीहरुले स्थानीय सम्पदा र संस्कृति सम्बन्धी चासो राख्न थालेका कुराहरुलाई धेरै अभिभावक, जनप्रतिनिधि तथा शिक्षकहरुले सकारात्मक रुपमा लिएको बुझियो। यसका साथै नैतिक शिक्षा तथा व्यवहारजन्य सीप र ज्ञानका बारेमा पनि पाठ्यक्रममा समावेश गरिनुपर्ने सुझाव निरन्तर आइरह्यो। कुनै विषयवस्तुहरु तल्लो कक्षाबाट माथिल्लो कक्षामा राखिनुपर्ने र कुनै माथिल्लोबाट तल्लो कक्षामा लैजानुपर्नेदेखि लिएर पाठ्यपुस्तकको व्यवस्था गरिए पठन–पाठन सहज हुने सुझावहरु निरन्तर प्राप्त भइरह्यो। यी यावत् सल्लाह र सुझावहरुलाई कार्यदलले नगरपालिकको शिक्षा समितिमा जानकारी गरायो। शिक्षा समितिले यस विषयमा आवश्यक छलफल गरी पाठ्यक्रम परिमार्जनका लागि निर्माण कार्यदललाई नै जिम्मा लगायो।

पाठ्यक्रम परिमार्जनका प्रक्रियाहरुको मान्यतालाई अनुसरण गर्दै पाठ्यक्रमले लिएका उद्देश्य अनुरुप विद्यार्थीहरुले ख्वपका बारे हासिल गरेका आधारभूत ज्ञानको तह थाहा पाउन कार्यदलले विगत ५/६ वर्षदेखि स्थानीय पाठ्यक्रमको अध्ययन गरेका आठ कक्षाका विद्यार्थीहरुमध्ये करिब २५ प्रतिशतलाई उपलब्धि परीक्षण (Achievement Test) २०८१ पुस महिनामा सम्पन्न गरी प्राप्त तथ्यहरुको विश्लेषण गरियो। साथै, सो विश्लेषणलाई नगरपालिका शिक्षा समिति, पाठ्यक्रम अध्यापन गराउने शिक्षकहरु, जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु माझ प्रस्तुत गरी छुट्टाछुट्टै छलफल तथा परामर्श बैठकहरु गरी सुझाव सङ्कलनसमेत गरियो। यी नै सुझावहरुका आधारमा फागुन/चैत्र देखि परिमार्जन कार्यलाई सघन रुपमा अगाडि बढाइयो र परिमार्जित पाठ्यक्रमको पहिलो मस्यौदा नगरपालिकालाई श्रावण महिनामा बुझाइयो। नगर कार्यपालिकाबाट परिमार्जित पाठ्यक्रम सुझावसहित श्रावण महिनामै अनुमोदन भयो।

परिमार्जित पाठ्यक्रमका विशेषताका बारेमा भन्नुपर्दा 'व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा' नामक नयाँ एकाइ थप गरी १२ एकाइ पुऱ्याइएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७८ अनुरुप कक्षा १ देखि ३ सम्म परिवर्तित निरन्तर मूल्याङ्कन (CAS) प्रणाली तथा कक्षा ४ देखि ८ सम्म ५० प्रतिशत सैद्धान्तिक र ५० प्रतिशत प्रयोगात्मकको व्यवस्था गरिएको छ।

वागमती प्रदेशले नेपालभाषा र तामाङ्ग भाषालाई सरकारी कामकाजी भाषाको मान्यतासमेत दिइसकेको तथा ख्वपका विद्यालय र कलेजहरुमा तामाङ्ग भाषाभाषी विद्यार्थीहरुको सङ्ख्या बढ्दै गएको तथ्यलाई मनन गरी स्थानीय केटाकेटीहरुले पनि तामाङ्ग भाषाका सामान्य बोलीचालीका शब्द र वाक्यहरु सिकून् भन्ने उद्देश्यले कक्षा ६ देखि ८ सम्म चौंथो एकाइमा स्थानीय नेपालभाषासँगै तामाङ्ग भाषालाई पनि समावेश गरिएको छ। कक्षा १ देखि ८ सम्मका पाठ्यभार तथा मूल्याङ्कन ढाँचा लेटर ग्रेडिङ पद्धति २०७८ अनुसार मिलाइएको छ। पाठ्यक्रमको आधारमा पठनपाठन गर्न सहज बनाउन परिमार्जित पाठ्यक्रममा सम्भावित शिक्षण सिकाइलाई केही विस्तृत बनाइएको छ भने नयाँ सन्दर्भ सामग्री भाग ४ र ५ को प्रकाशन तथा भक्तपुर नगरपालिकाको मासिक प्रकाशन भक्तपुर मासिकमा छापिएका विभिन्न आलेखहरुको सङ्ग्रहसमेत छुट्टै प्रकाशनले शिक्षकहरुलाई पर्याप्त सन्दर्भ सामाग्री उपलब्ध हुने विश्वास लिएका छौं।

अन्तमा, पाठ्यक्रम परिमार्जनको कार्यमा सहयोग गर्नुहुने शिक्षकहरु, जनप्रतिनिधिहरु लगायतका अन्य सरोकारवालाहरुलाई परिमार्जन कार्यदल हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। सन्दर्भ सामाग्रीका लागि पाठ्यक्रमसँग सम्बन्धित विविध विषयहरुमा आलेखहरु लेखी सहयोग गर्नुहुने सबै विद्वत वर्गहरु, तामाङ भाषाको लागि सहयोग गर्नुहुने शिक्षक राजु तामाङ र आलेख सङ्कलन र टाइपिङ्ग गरी यस कार्यमा सहयोग गर्नुहुने नगरपालिकाका कर्मचारीहरु, लेआउट डिजाइनमा सहयोग गर्नुहुने रश्मी खागी, कार्यदलको सचिवालयको लागि स्थान उपलब्ध गराई कम्प्युटर, प्रिन्टर, छपाइ तथा मसलन्द सामग्रीको व्यवस्था र अन्य आवश्यक सहयोग गर्नुभएकोमा विद्यार्थी निकेतन मा.वि. तथा शारदा मा.वि.लगायत सबैमा साधुवाद।

स्थानीय पाठ्यक्रम परिमार्जन कार्यदल
भक्तपुर नगरपालिका
श्रावण, २०८२

# भूमिका
# (पहिलो संस्करण २०७७)

भक्तपुर नगरपालिकाको पहलमा स्थानीय पाठ्यक्रम तयार गरी नगरभित्रका ९२ ओटै विद्यालयहरूमा स्थानीय पाठ्यक्रम लागु गरेको पनि तीन बर्ष भइसकोछ । पहिलो बर्ष २०७५ सालमा कक्षा १ र ६, दोस्रो बर्ष २०७६ मा कक्षा २ र ७ र तेस्रो बर्ष अथवा यस २०७७ मा कक्षा ३ र ८ गरी जम्मा ६ ओटा कक्षाहरूमा स्थानीय पाठ्यक्रमको पढाइ हुँदैछ । अर्को बर्ष २०७८ मा कक्षाहरू ४ र ५ मा थप हुँदै सम्पूर्ण आधारभूत तहका कक्षाहरू १ देखि ८ सम्म लागु भइसक्नेछ ।

यस बर्ष लागु हुने कक्षा ३ र ८ को स्थानीय पाठ्यक्रमको निमार्ण पनि 'राष्ट्रिय पाठ्यक्रम प्रारुप – २०७६' कै संरचनाभित्र रहेर तयार गरिएको छ । कक्षा ३ र ८ मा पनि अघिलो कक्षाहरुका ११ ओटै एकाइहरूका बिषयवस्तुहरू समावेश गरिएकोछ । यद्यपि, पुरानो परम्परा, संस्कृति र संस्कारहरूलाई अलौकिक धरातल तथा मिथकीय आधारमा मात्र बुझ्नेभन्दा पनि त्यसमा अन्तरनिहित बैज्ञानिक तथ्यहरूलाई पनि क्रमशः उजागर गर्ने प्रयाश गरिएकोछ । साथै, संस्कृति भन्नाले मठ–मन्दिर, पाटि–पौवा तथा इनार र ढुङ्गेधारा जस्ता मूर्त साँस्कृतिक सम्पदालाईमात्र बुझ्ने नगरियोस् भन्ने उद्देश्यले विश्व परिवेशमै अमूर्त संस्कृतिहरू संरक्षण गर्न अझ चुनौतिपूर्ण रहेको युनेस्कोको समेत चिन्ता र चासो रहेको र हाम्रा अमूर्त साँस्कृतिक सम्पदाहरू समेत यस अपवादमा नरहेकाले मूर्त र अमूर्त सांस्कृति सम्पदाको भेदका बारेमा थप जानकारी दिने उद्देश्यले यस पक्षलाई पनि जोड दिइएकोछ ।

सीमान्तकृत, निमुखा, आदिवासी तथा अल्पसंख्यक जनताहरुको संस्कृति, धर्म, परम्परा, इतिहास, रैथाने ज्ञान, सम्पदा तथा अन्य पहिचानसँग सरोकार राख्ने कुराहरुलाई केन्द्रीय शासकहरुले जहिले पनि ओझेलमा पार्दै त्यसको अस्तित्वनै निमित्यान पार्ने कार्य संसारमा जहाँपनि गर्ने गरिएको छ । यो शन्दर्भमा आधुनिक नेपालका हाम्रा शासकहरू संसारका अरू शासकहरूभन्दा फरक देखिएनन् । त्यसैले संसारभर हिजोको यूरोप केन्द्रित इतिहासलाई नै पुनरलेखन गर्नुपर्ने बहस चलिरहेको छ । यहि आलोकमा सिङ्गो नेपालको इतिहास बुझ्न नेपालमण्डलको इतिहास र यसको केन्द्रमा रहेको स्वनिगः को सभ्यता (बागमती सभ्यता) को उद्भव र विकासका बारेमा नयाँ पिढीलाई जानकारी गराइएन भने यस स्थानीय पाठ्यक्रमको उद्देश्य नै अधुरो हुने सम्भावना रहेकोले स्वनिगः सभ्यताको परिचयलाई पनि समावेश गरिएकोछ । साथै, इतिहासको अति महत्वपूर्ण मध्यकालका विभिन्न कालखण्डहरूमा भक्तपुरको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक अवस्था र ६२ /६३ को गणतन्त्र सम्मको यात्रामा भक्तपुरले खेलेको राजनैतिक, सामाजिक, आर्थिक र साँस्कृतिक आन्दोलनहरुको समेत अवस्था र नेपालकै इतिहासमा यसको स्थान समेत ओझेलमा परिरहेको अवस्थालाई मनन गरी बिशेषगरी कक्षा ८ मा यी कुराहरू समावेस गरिएको छ ।

सिकाइ मूल्याङ्कनको हकमा पचास प्रतिशत सैद्धान्तिक र पचास प्रतिशत प्रयोगात्मकको ब्यबस्था अघिल्लो कक्षाहरुमा जस्तै यस तहमा पनि निरन्तरता दिइएकोछ । तर प्रयोगात्मक मूल्याङ्कनलाई अझ विश्वसनीय बनाउन अध्यापन गराउने शिक्षकको साथै विद्यालयको प्रधानाध्यापक र छिमेकी विद्यालयको शिक्षकलाई समेत केहि जिम्मेवारी दिई मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने नयाँ ढाँचालाई प्रयोग गरिएकोछ ।

विगत दुई बर्षको अनुभवमा बिना पाठ्यपुस्तक स्थानीय पाठ्यक्रमको अध्ययन अध्यापन साह्रै कठिन भयो भन्ने शिक्षकहरुको गुनासो र अपठ्यारालाई मनन गरी पठन पाठनमा सहजीकरण होस् भन्ने उद्देश्यले यसै बर्ष 'ख्वप पहिचान' नामक स्थानीय पाठ्यक्रम–सन्दर्भ सामग्री भाग –१ को पनि प्रकाशन गरी नगरपालिकाले विद्यालय र सम्बन्धित शिक्षकहरुमा पु–याइसकेको छ । तर कोभिड–१९ को महाब्याधिले विश्वभर फैलिइको विपदले यसपालिको पठनपाठनलाई नराम्ररी धक्का दिएको छ । भोलिका दिनहरूमा स्थिति सामान्य हुने अवस्थामा स्थानीय पाठ्यक्रमको पठनपाठन लगायत अन्य कुराहरुको पनि सहज हुने विश्वाश भने लिनै पर्नेहुन्छ । पाठ्यक्रम निर्माणको क्रममा अमूल्य सुझाव दिनुहुने नपाका प्रमुखज्यू, इतिहास, संस्कृति, संस्कारका विज्ञ अध्ययताहरु, प्रेसका साथीहरू तथा भाषा सम्पादन गरी सहयोग गर्नुहुने सबै सहयोगीहरूलाई कार्यदल हार्दिक आभार ब्यक्त गर्दछ । साथै, कक्षा ३ र ८ को यस स्थानीय पाठ्यक्रम पनि केहि त्रुटी वा कमजोरीहरू छन् भने सकारात्मक सुझावले अर्को प्रकाशनमा सच्याउन साथ दिनुहोला भनि बिनम्र आग्रह गर्दछौं ।

स्थानीय पाठ्यक्रम निर्माण कार्यदल
भक्तपुर नगरपालिका
२०७७

# स्थानीय पाठ्यक्रम

पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान | पूर्णाङ्क : १००
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक | उत्तीर्णाङ्क :
तह : आधारभूत शिक्षा तह | प्रतिहप्ता पाठघण्टी : ५ जम्मा पाठघण्टी : १६०

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाबअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ । यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले "ख्वपको पहिचान" नामकरण गरी तयार पारिएको छ । ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस् भन्ने लक्ष्य लिई यसअन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू : ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, व्यावहारिक शिक्षा, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । प्रत्येक क्षेत्रमा समावेश गरिएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाइ गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ । यसमा परम्परागत शिक्षण विधिभन्दा बालकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइ सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाइपछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू (स्थानीय पक्षहरू) मा सक्षम हुनेछन् :

१. ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न ।
२. ख्वपको इतिहासको वर्णन गर्न ।
३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न ।
४. प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
५. दैनिक जीवनमा आइपर्ने व्यवहारजन्य तथा शील-स्वभावजन्य व्यवहार प्रदर्शन गर्न ।
६. स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न ।
७. प्रचलित स्थानीय संस्कारहरूको महत्त्व बताउन ।
८. स्थानीय कला र सम्पदा पहिचान गर्न ।
९. स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न ।
१०. स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन ।
११. परम्परागत स्थानीय खेलहरू खेल्न ।
१२. पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न ।

# स्थानीय पाठ्यक्रम

शीर्षक : ख्वपको पहिचान
पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक
कक्षा : तीन

पूर्णाङ्क : १००
प्रतिहप्ता पाठघण्टी : ५
जम्मा पाठ घण्टी : १६०

**परिचय**

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १–८) को कक्षा ३ को लागि तयार गरिएको स्थानीय पाठ्यक्रमको एक अंश हो । यसमा राष्ट्रिय पाठ्यक्रमले नसमेटिएका स्थानीय विषयवस्तुहरू उल्लेख गरिएको छ । यस पाठ्यक्रममा रहेका विषयवस्तुहरूले भक्तपुर नगरको पहिचान तथा यहाँको कलासांस्कृतिको जानकारीको साथसाथै स्थानीय स्तरका विभिन्न पक्षहरूको ज्ञान सीप र धारणाको विकास गराई आफू भक्तपुर नगर भित्र रहकोमा गर्व भएको महसुस गराउँछ ।

यस पाठ्यक्रममा आफू बसेको स्थानको नाम, ख्वपमा उब्जनी हुने तरकारी, अन्नबाली र फलफूलहरू, यहाँका प्रमुख मन्दिरहरू, नेवार जातिका विभिन्न थरहरू, ख्वपका चार विशिष्ट व्यक्तित्वहरू, सहयोगात्मक भावना, नैतिक आचरण, सुरक्षित यात्रा, स्वस्थकर खानपान, व्यावहारिक शिक्षा, ख्वपबासीले मनाउने नखः र जात्राहरू, स्थानीय प्रचलित संस्कारहरू, स्थानीय बोलीचाली गन्ती तथा शारीरिक अङ्गहरूको नेवारी नाम तथा प्रचलित लिपि समेटिएका छन् । त्यसैगरी स्थानीय कला सम्पदा, स्थानीय सीप व्यवसाय तथा प्रविधि, भान्छाजन्य जडीबुटीहरू, स्थानीय बालगीतसहितका खेलहरू र स्थानीय पर्यटनजस्ता विषयवस्तुहरू उल्लेख गरिएको छ । यस पाठ्यक्रमको मुख्य विशेषताहरूमा सैद्धान्तिकभन्दा व्यावहारिक पक्षलाई जोड दिइएको छ । यसले आधुनिक विधि, बालकेन्द्रित शिक्षण क्रियाकलापलाई आत्मसात गरिएको छ भने विषयवस्तुभन्दा अवधारणालाई जोड दिएको छ ।

**कक्षागत सिकाइ उपलब्धिहरू**

कक्षा तीनको अध्ययन पूरा गरेपछि ख्वपको पहिचान विषयमा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनेछन् :

१. ख्वपदेमा अवस्थित वडा तथा वडा विभाजनका तथ्यहरू बताउन ।
२. ख्वपदेका प्रसिद्ध मन्दिर र पोखरीहरू अवस्थित वडाहरू पहिचान गर्न ।
३. आफ्नो परिवारको तीन पुस्ताको नाम बताउन ।
४. भक्तपुर जिल्लामा ख्वपदेको इतिहास बताउन ।
५. स्थानीय जातजातिहरूको थरमध्ये पशुपन्छी र कीटपतङ्गको नाम रहेका थरहरूको सूची तयार गर्न ।
६. ख्वपका विभिन्न क्षेत्रमा योगदान गर्ने विशिष्ट व्यक्तित्वहरूका बारेमा बताउन ।
७. सहयोगात्मक भावना तथा नैतिक आचरण प्रस्तुत गर्न ।
८. स्वस्थकर खानपान र सुरक्षित यात्राबारे बताउन ।
९. बिस्का जात्रा र होली पर्वको ऐतिहासिक पक्ष, यसले समाजमा दिने सन्देश तथा यस पर्वको विकृति र विसङ्गतिको वर्णन गर्न ।
१०. स्थानीय गुलाँ बाजा र धाँ बाजाहरूको परिचय बताउन ।
११. स्थानीय नाचहरू कलांली, झ्याउरेलाई दृश्यको आधारमा छुट्ट्याउन ।
१२. ख्वपमा रहेका प्रसिद्ध गणेश मन्दिरहरूको छोटो परिचय दिन ।
१३. शिक्षण, व्यापार र कृषि व्यवसायको परिचय दिन ।
१४. माटोबाट विभिन्न फलफुलहरू बनाउन ।
१५. आफ्नो लुगाको सामान्य (मर्मत) गर्न ।
१६. मासुका विभिन्न परिकार भन्न र बुलु बनाउन ।
१७. स्थानीय पर्व येन्यापुन्हीबारे वर्णन गर्न ।

१८. चथा पर्वको तिथि, मनाउने तरिका, आवश्यक सामग्रीहरू आदि बताउन ।
१९. स्थानीय नेपालभाषामा परिवारका सदस्यहरू र आफन्तहरूलाई सम्बोधन गर्न र कुराकानी गर्न ।
२०. विशेष अवस्थामा प्रयोग हुने कुनै पाँच प्रकारका जडीबुटीको नाम भन्न र सामान्य ज्वरो आउँदा घरायसी उपचार विधि अपनाउन ।
२१. स्थानीय खेलहरू खेल्न ।
२२. पर्यटकहरूलाई ख्वपका पर्यटकीय स्थानहरूको परिचय दिन र उनीहरूलाई स्थानीय उत्पादनबारे बताउन ।

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१. ख्वप दे (भक्तपुर नपा) को चिनारी** | १. ख्वप दे (भक्तपुर नपा) को भौगोलिक अवस्थितिका बारेमा बताउन । | (क) नेपालका नगरपालिकाहरूमध्ये सबैभन्दा सानो नपा भएको जानकारी | १. नेपालका ७७ जिल्लामध्ये भक्तपुर सबैभन्दा सानो जिल्ला र त्यसका चार नगरपालिकामध्ये सबैभन्दा सानो नपा ख्वप दे भएको बताउने ।<br>❑ भक्तपुर जिल्लाका चार नपाहरूसहितको नक्सा देखाई सबैको अवस्थिति र पहिचान गर्न लगाउने ।<br>❑ भक्तपुर नगरपालिका वा ख्वपदेको वरिपरि (चारै दिशामा) कुन नगरपालिका पर्दछ भनी कोर्न लगाउने ।<br>❑ कुनै देश, क्षेत्र, गाउँ, नपाको सिमाना, पहाड, थुम्को, खोला, वा सडक, बाटाघाटाको आधारमा विभाजन गरिने बताउँदै चार नपाको विभाजन केको आधारमा गरिएको हो भन्न सक्ने गर्न विभिन्न क्रियाकलाप गराउने ।<br>❑ चाँगुको डाँडा वा सूर्यविनायकको डाँडाबाट गुच्चमुच्च परेको ख्वप दे देखाउने ।<br>❑ ख्वप देलाई १० वडामा विभाजन गरिएको नक्सा देखाउँदै सानो ठूलो छुट्ट्याउन लगाउने ।<br>❑ आफ्नो घर र विद्यालय रहेको वडा पहिचान गर्न लगाउने ।<br>❑ आ–आफ्नो वडाका टोलहरूको नाम लेख्न लगाउने ।<br>❑ ख्वप देको नक्सा पूरा एक पन्ना भर्ने गरेर कोर्न लगाउने । | • नेपालको नक्सा<br>• नगरपालिका वा स्थानीय निकायहरू अङ्कित नेपालको नक्सा<br>• भक्तपुर जिल्लाको चार नपासहितको नक्सा<br>• भक्तपुर नपा (ख्वप दे) को नक्सा | १. भ.पु. जिल्लाको नक्सामा चार न.पा. छुट्याउनुहोस् र तिनीहरूको आकार र क्षेत्रफलको तुलना गर्नुहोस् ।<br>२. भक्तपुर जिल्लाका ठूलोदेखि सानो न.पा.को क्रम मिलाउनुहोस् । | १० |
| | २. ख्वप दे – भक्तपुर नपा) को वडा विभाजनका बारेमा भन्न । | – भक्तपुर नपालाई १० वडामा विभाजन गरिएको जानकारी । | ❑ ख्वप देको १० वडामा विभाजन गरिएको नक्सा देखाउने ।<br>❑ १० वटामध्ये आकारको हिसाबले ठूलो सानो छुट्याउँदै सानोदेखि ठूलो क्रममा टिप्न लगाउने ।<br>❑ आफ्नो घर र विद्यालय रहेको वडा पहिचान गर्न लगाउने ।<br>❑ आ–आफ्नो वडाका टोलहरूको नाम लेख्न लगाउने ।<br>❑ ख्वप देको नक्सा पूरा एक पन्ना भर्ने गरेर कोर्न लगाउने । | | ३. तपाईंहरूको घर कुन वडामा पर्छ ? देखाउनुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **२. ख्वपको इतिहास** | १. आफ्नो तीन पुस्ता बताउन । | (क) आफ्नो परिवारमा आफू, आफ्नो बुबा र हजुरबुबाको नाम तथा आफ्ना आमा, र हजुरआमाको नामसहित तीन पुस्ताका बारेमा जानकारी | - इतिहासको अवधारणा दिन आफ्नो परिवारको पुस्ताहरूबाट छलफल सुरु गर्ने ।<br>- परिवार र घरको पनि धेरै वर्षअधिको कथा हुनेबारे चर्चा गर्ने ।<br>- परिवारको र व्यक्तिको पनि नयाँ र पुरानो (औपचारिक र अनौपचारिक) नामहरू हुन सक्नेबारे चर्चा गर्ने । | | | १० |
| | २. ख्वप देको पुरानो इतिहास बताउन । | ख्वप देको पुरानो नाम र ऐतिहासिक सहरको विगतका बारे जानकारी । | - ख्वपको पुरानो नाम भादगाउँ हुँदै खोपृङ भएको चर्चा गर्दै धेरै वर्ष पहिला ( करिब ८००/९०० वर्ष पहिले) यसको नाम खोपृङ भएको र यसको अर्थ धेरै अन्न उत्पादन हुने ठाउँ हो भनी छलफल गर्ने ।<br>- यहाँको माटो उर्वर र किसानहरू धेरै परिश्रम गर्ने भएकोले यहाँ अहिले पनि धेरै अन्न र तरकारी फल्ने चर्चा गर्ने । | | | |
| | ३. ठूला पोखरीहरू भएको वडा बताउन । | ख्वप देमा भएका ठूला पोखरीहरूको पहिचान र अवस्थितिको जानकारी | - ख्वप देमा भएका ठूला पोखरीहरूको सूची तयार पारी, चित्र देखाई तिनीहरू कुन वडामा पर्छन् भनी छलफल गर्दै पहिचानको लागि स्थलगत भ्रमणसमेत गराउने । | ऐतिहासिक पोखरीहरूका चित्रहरू | | |
| | ४. पाँचतले मन्दिर, दत्तात्रय मन्दिर र दरबार क्षेत्रमा अवस्थित वडा नं बताउन । | भक्तपुर नपाको प्रमुख मन्दिर पाँचतले मन्दिर, दत्तात्रय मन्दिर र दरबार क्षेत्र अवस्थित वडाको जानकारी । | | | | |

कक्षा : ३

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या**<br>(क) ख्वपमा पाइने थरहरू | १. पशुपन्छी र कीटपतङ्गको नाममा ख्वपमा पाइने विभिन्न जातजाति आधारमा बनेका थरहरूको सूची तयार गर्न । | ख्वपमा पाइने विभिन्न जातजातिहरू जस्तैः<br>(क) पशुपन्छीको नामको आधारमा बनेका थरहरूः माक, किसी, खिचाजु, छुँजु, दुगुजु, ध्वँजु, गैंडा, थुसा, ढुकुछुँ, बोहजु, ग्वंग आदि<br>(ख) कीटपतङ्गको आधारमा बनेका थरहरू : किजु, कुसी, पाँती, पुलाँकी, छुस्याकी, कोङा आदि । | ❑ शिक्षकले आफ्नो नाम थर बताउने, विद्यार्थीहरूको पनि बताउन लगाउने ।<br>❑ विषयवस्तुमा उल्लिखित थरहरू भएका भए बोर्डमा टिप्दै जाने ।<br>❑ विद्यालय, छरछिमेक, साथीभाइ, आफन्त, घरबेटी कोही कहीं कतै त्यस्ता थरहरूका मानिसहरू स्थानीय बासिन्दाहरू भए/नभएको विषयमा समूहमा बाँडी छलफल गराई सूची तयार पार्न लगाउने ।<br>❑ त्यस्ता थरहरूका मानिसहरू ख्वपमा कहाँ बस्छन्, किन त्यस्ता थरहरू रहन गयो भन्ने बारेमा सोधखोज गर्न आवश्यक व्यवस्था मिलाउने र कक्षामा समूहगत प्रस्तुति दिन लगाउने ।<br>❑ ती थरहरूको शाब्दिक अर्थ बताउन विद्यार्थीहरूलाई उत्प्रेरित गर्ने । केही थरहरूको शिक्षकले अर्थ बताउने । | ❑ शब्द पत्ती,<br>❑ चार्ट | ❑ विषयवस्तुमा उल्लिखित कुनै पाँच थरहरू लेख्नुहोस् र तिनीहरू ख्वप नगरको कुन कुन ठाउँमा भेटिन्छन् सूची तयार गर्नुहोस् । | ७ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ३, पृष्ठ ७४-८८**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३.** (ख) स्थानीय विशिष्ट व्यक्तित्वहरू | १. विभिन्न क्षेत्रमा योगदान गर्ने ख्वपका चार विशिष्ट व्यक्तित्वहरूको बारे बताउन । | १) गोविन्द दुवाल<br>२) ध्रुव हाडा<br>३) ज्ञानबहादुर न्याइच्याईं<br>४) कृष्ण नापित | ❑ आफ्नो कक्षामा, आफ्नो विद्यालय परिवारमा कुनै व्यक्तिको अरूभन्दा फरक विशेषता र क्षमता भएका व्यक्तिहरुको नाम बताउन लगाउने, तिनीहरुको फरक विशेषता के हो ? समूहमा छलफल गर्न लगाउने ।<br>❑ कक्षा १ र २ मा कुन कुन विशिष्ट व्यक्तित्वहरूबारे किन अध्ययन गरियो छोटोमा केही विद्यार्थीहरूलाई भन्न लगाउने ।<br>❑ सम्बन्धित व्यक्तिहरूको छोटो विवरणसहितको तस्वीर देखाई विवरण पढ्न लगाउने । त्यसैको आधारमा प्रश्नउत्तर गर्न लगाउने । | विशिष्ट व्यक्तिहरूको तस्वीरहरू र उहाँहरूको योगदानसहितको छोटो चिनारी वा जीवनी | ❑ तस्वीर हेरी ती विशिष्ट व्यक्तिहरूले गरेका कामहरूबारे छोटो विवरण दिनुहोस् । | ८ |

**सहायक सामग्री : ख्वपको पहिचान भाग १, पृष्ठ १२५, भाग २, पृष्ठ १०७**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४. स्थानीय बोलीचाली र लिपि**<br>(क) स्थानीय सम्बोधन गर्ने शब्दहरू | १. आफ्ना परिवारका सदस्यहरू र अरू आफन्तहरूलाई स्थानीय भाषामा सम्बोधन गर्न । | **पुलिङ्ग :**<br>बाज्या, अब्बा (बा), ध्वब्वा (तरिब्वा), अका (काका), पाजु, चवजु, दाजु (अरा), किजा, ससःकिजा, भाजु, काय्, जिचाभाजु (जिलाजं) आदि ।<br>**स्त्रीलिङ्ग :**<br>अजी, अमा (माँ), ध्वमा, मामा (सानिमा), मलेजु, अनी (निनी), मामाचा (थः माँया केहेँ), तःजु (तताजु), भौ(भम्चा), मय्जु, म्ह्याय्, अता, आदि । | ❑ शिक्षकले आफ्नो परिवारका सदस्यहरूबारे स्थानीय बोलीचाली भाषामा बोल्दै पारिवारिक सम्बन्धहरू बताउने ।<br>❑ कक्षामा स्थानीय भाषाभाषीका विद्यार्थीहरू भएमा उनीहरूलाई पनि आ–आफ्नो परिवारका सदस्यहरूलाई उसले आफ्नो मातृभाषा प्रयोग गरी कसरी के भनी सम्बोधन गर्ने बताउन लगाउने ।<br>❑ परिवार र नाता सम्बन्धी, भिडियो, मल्टिमिडिया, चार्ट, वंशवृक्ष आदि प्रयोग गरी स्थानीय भाषामा सम्बोधन गर्ने तरिका प्रष्ट पार्ने ।<br>❑ स्थानीय घरमा डेरा लिई बस्नेहरूलाई घर छिमेकमा रहेका ज्येष्ठ नागरिकहरूसँग सोधी बुझी यस्तो नाता सम्बन्धी सूची बनाएर ल्याउने काम दिने र कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>❑ विद्यार्थीहरूलाई समूहमा बाँडी आ–आफ्नो घरको परिवार र नातासम्बन्धी समूहगत छलफल गरी चित्रात्मक चार्ट बनाउन लगाउने साथै कक्षामा पालै पालो प्रस्तुत गर्न लगाउने । | ❑ परिवारका सदस्यहरू र नातेदारहरूलाई स्थानीय बोलीचाली भाषामा जनाउने शब्द पत्तीहरू कार्टुन तथा चित्र पत्तीहरू<br>❑ वंशवृक्षको चार्ट<br>❑ मल्टिमिडिया भिडियो क्लिप्स<br>❑ पारिवारिक सम्बन्ध र नातेदारहरू जनाइएका फोटोहरू | ❑ स्थानीय भाषामा आ–आफ्नो घरपरिवारको नातासम्बन्धी चार्ट बनाउनुहोस् ।<br>❑ शब्दपत्तीहरू चित्रपत्तीहरू देखाई सम्बोधन गर्न लगाउने ।<br>❑ स्थानीय रूपमा सम्बोधन गरिने ती व्यक्तिहरूको पुलिङ्ग र स्त्रीलिङ्ग छुट्याई ५–५ जनाको सम्बोधन गर्ने शब्दहरू कापीमा लेख्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४.** (ख) स्थानीय भाषामा परिवारका सदस्यहरू र आफन्तहरूलाई सम्बोधन गर्ने शब्दहरू । | ख) स्थानीय भाषामा परिवारका सदस्यहरू र आफन्तहरूलाई सम्बोधन गर्ने शब्दहरू प्रयोग गरी कुराकानी गर्न । | - छें ग्वम्हा परिवार द ?<br>- वय्कपुं सु सु थें धाय् दिसँ ।<br>- दाजु किजा, तताकेहेँ ग्वम्हा द ?<br>- छि अमा-अब्वाय् दाजुकिजा, तता केहेँपुं नं तःम्हा दला ?<br>- दाजु पिनिगु, अतापिनिगु व्यहः जुलला ?<br>- अराया सःसःले ससःकिजा, ससःकेहेँ नं दला ?<br>- ससःमां ससःबा दनिला ? आदि । | - कक्षामा भएका विद्यार्थीहरूलाई पारिवारिक तथा नाताकुटुम्ब जनाउने स्थानीय शब्द उल्लेख गरेको छुट्टाछुट्टै शब्दपत्तीहरू आफ्नो जिउमा टाँस्न लगाई सोहीअनुसारको भूमिका (role) खेली सम्बोधन गर्न लगाउने जस्तै :<br>- वय्क सुथें ?<br>- वय्क जि काय्चा ।<br>- अकाय् (ककाय्) काय ।<br>- छिकपिनिगु छु नाता क्यों लय् ?<br>- काका व काय्चा कः ।<br>- वाँचुगु नं फियो च्वंम्हा सुथें ?<br>- अँ वय्कः जि ससः केहेँ । | शब्दपत्तीहरू | १. नेपालभाषामा आमाबुबालाई के भनिन्छ ? | ७ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **५. व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा** | १. सहयोगात्मक भावना प्रस्तुत गर्न । | १. सहयोगात्मक भावना तथा व्यक्तिगत सरसफाइ | – एकआपसमा सहयोगात्मक भावना विकासले प्रत्येकलाई हुने फाइदाबारे धागो एउटा भए चुँडाउन सजिलो हुने तर त्यस्तै धागोले बटारेर बनाएको डोरी चुँडाल्न धेरै गाह्रो हुने जस्ता उदाहरण प्रस्तुत गर्दै एकलाई सबै र सबैलाई एक भन्ने विषयलाई विभिन्न कथाहरू प्रस्तुत गर्दै सहयोग गर्नुपर्ने र लिनुपर्ने विषय विद्यार्थीहरूमा प्रस्तुत गर्ने । | चित्रसहितका शब्दपत्तीहरू | १. धागोको एउटा रेसा र बटारेको धागोमध्ये कुन सजिलोसित चुँडाल्न सकिन्छ, किन ? | ६ |
| | २. व्यक्तिगत तथा नैतिक आचरण प्रस्तुत गर्न । | २. नैतिक आचरण | – व्यक्तिगत सरसफाइ, नुहाउने, नङ काट्ने, कपाल मिलाउने, जुत्ता मोजा लगाउने जस्ता व्यक्तिगत कार्यहरू कक्षामा नै गर्न लगाउने र घरमा पनि गर्नुपर्छ भनी गरेर अर्को कक्षामा भन्न लगाउने ।<br>– मनिस भएर गर्नुपर्ने कार्यहरू र गर्न नहुने कार्यहरू उनीहरूसँग छलफल गर्ने ।<br>– झूट बोल्न नहुने, चोर्न नहुने, जीवजनावरलाई दुःख दिन नहुने, झगडा गर्न नहुने, बोटबिरुवालाई स्याहार गर्नुपर्ने, आदि विषयमा विभिन्न कथाहरू प्रस्तुत गरी जानकारी गराउने । | नङ काट्ने साधन | २. जुत्ता मोजा लगाउन दिने ।<br>अवलोकन | ६ |
| | ३. स्वस्थकर खानपान गर्न । | ३. स्वस्थकर खाना | – हाम्रो शरीरलाई आवश्यक खानाबारेमा जानकारी गराई पत्रु खानाबारेमा उनीहरूलाई बताइदिने ।<br>– उनीहरूलाई कुन कुन खाना पत्रु खाना हो जानकारी गराई उनीहरूले ल्याएका खाजा पत्रु खाना भए नभएको हेरी पछिबाट घरमा बनेकै खाजा ल्याउन भन्ने र अभिभावकहरूलाई पनि त्यसको जानकारी गराउने ।<br>– त्यसै गरी पानीपुरी, चीजबल, खुला बेचिराखेको र काटेर राखेको फलफूल, फोहर पानी आदिबारे जानकारी गराई त्यस्ता खानेकुरा प्रयोग गर्न नहुने र प्रयोग गरेमा त्यसबाट हुने बेफाइदा सचित्र बताइदिने । | चित्रहरु | ३. कस्तो खानालाई पत्रु खाना भनिन्छ ? | ६ |

**कक्षा : ३**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | ४. सुरक्षित यात्रा गर्न । | ४. सुरक्षित यात्रा | – उनीहरू यात्रा गरेको बारेमा सोध्दै मोबाइलको प्रयोग गर्न नहुने, खानेकुरा खान नहुने, शरीरका अङ्ग गाडी बाहिर निकाल्न नहुने, गाडीमा बस्दा जसको लागि सिट छुट्याएको हो उसैलाई प्राथमिकता दिनुपर्ने, वृद्धवृद्धालाई सहयोग गर्ने आदि विषयमा स्पष्ट पारिदिने । | | ४. गाडीमा यात्रा गर्दा के के गर्नुहुँदैन ? | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **६. स्थानीय विविध संस्कृति** :<br>(क) होली पर्व | १. होलीको परिचय दिन र होली सुरु हुने दिन र सकिने दिन पर्ने तिथिको नाम बताउन । | (क) होली पर्वको परिचय, सुरु र समाप्तिको तिथिमिति | १. के तपाईंहरू होली खेल्नुहुन्छ ?<br>– एक एक गरी सोध्नुहोस् :<br>(क) तपाईं होली को कोसँग खेल्नुहुन्छ ?<br>(ख) होली कुन ठाउँमा खेल्नुहुन्छ ?<br>– विद्यार्थीहरूको उत्तर सुनिसकेपछि यी भनाइ राखिदिनुहोस् :<br>❑ परिचित साथीहरू र परिवारबीच मित्रता बढाउन, वैमनस्यता घटाउन अबिर गालामा लगाई खेल्ने पर्वको नाम हो होली पर्व ।<br>३. होली कोसँग खेल्न धेरै मनपर्छ ? विद्यार्थीहरूसँग अन्तर्क्रिया गर्नुहोस् । शिक्षकले यी भनाइ राखिदिनुहोस् :<br>– आफ्नै घरपरिवारमा आफ्नै टोलका साथीहरूसँग होली खेल्दा मित्रता बढ्न गई झगडा घट्न गई रमाइलो पर्व बन्छ ।<br>– होली फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म आठ दिन मनाइने कुरा पनि लेखेर सार्न लगाई सम्झाइदिनुहोस् । | अबिर खेलिरहेको फोटोहरू | १. होलीको पहिलो दिन र समाप्तिको दिनको तिथि पर्न आउने नाम भन्नुहोस् । | ४ |
| | २. पहिले पहिले होली पर्व अन्य मनोरञ्जनका साधन नहुँदा मनोरञ्जनात्मक रङ्गको पर्वको रूपमा प्रयोग हुँदै आएको वर्णन गर्न । | (क) रमाइलो रङ्ग पर्वको रूपमा रमाइलो गीत गाउँदै खेल्ने पर्व ।<br>(ख) दिक्दार हटाई आनन्द दिने पर्व । | १. पहिले पहिले आजभोलिको जस्तो फोन, मोबाइल, आइप्याड, ट्याबलेट, कम्प्युटर केही नभएको त्यसताका विभिन्न जात्रा, पूजाआजा, भोज, नवरात्री मेला र होली पर्व जस्ता मायाप्रीति गाँस्ने स्रोत र मनोरञ्जनको साधनको रूपमा प्रयोग हुँदै आएको कुरा सम्झाइदिनुहोस् । मनोरञ्जन गर्ने क्रममा सबै मिली होली गीत पनि गाउने गर्दछन् :<br>– होली गीतलाई सुरुमै शिक्षकले गाई सुनाइदिनुहोस् । पछि अभ्यासको लागि सबै मिली गाउनुस् :<br>'होलीया मेला, मय्जुँ मस्युला ?<br>अबिर भतिचासां, तय् न्ह्याला ? | भए गीतको क्यासेट बजाएर सुनाउनुहोस् । | २. होलीमा झैझगडा नहोस् भन्नको लागि होली कोसँग कुन ठाउँमा खेल्नु राम्रो हुन्छ ? लेख्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | होलीया मेला, मयजु मस्युला ?<br>अबिर तलधका, तंचाय दैला ?<br>भ्याले च्वंगु तुकं मः<br>वहे ल्यासे जिता मः<br>व ल्यासे मवयकलं, जाहे मनया । | | | |
| | ३. होली पर्व सम्बन्धी थरी थरीका ऐतिहासिक पौराणिक किंवदन्तीमध्ये रमाइलोको लागि कुनै एक तपाईँले सुन्नुभएको किंवदन्ती सुनाउन सक्ने । | (क) हिरण्यकश्यपु र प्रह्लादको जस्ता थरीथरीका किंवदन्तीहरू छन् । | १. होली पर्व सम्बन्धमा यसको सुरुआत कसरी भयो भन्ने सम्बन्धमा पुराण र धर्मशास्त्रहरूमा विभिन्न थरीका घटना (कथा) वा किंवदन्तीहरू सुनाउन सकिन्छ । विद्यार्थीहरूलाई परिवारसँग सोधी एउटा एउटा किंवदन्ती लेखेर ल्याई कक्षामा सुनाउन लगाउनुहोस् । | चार्ट | ३. होली पर्वको बारे कुनै एक किंवदन्ती भन्नुहोस् । | |
| | ४. अरू देशमा पनि भएको रङ्गको पर्वको छोटो व्याख्या गर्न । | (क) भारतमा, चीनमा, अमेरिकामा म्यानमारमा, पोल्याण्डमा, इटालीमा, चेकोस्लोभाकियामा, अफ्रिकामा । | १. तपाईँहरूमध्ये कसैले विदेशमा पनि रङ्गको पर्व सम्बन्धी सुन्नुभएको छ भने सुनाउनुहोस् ।<br>– तपाईँले सुनाइदिनुहोस् : अरू देशमा पनि होली जस्तै रङ्गको पर्व छन् : जस्तै :<br>(क) भारतमा होली पर्व अबिर, रङ्ग र पिचकारी प्रयोग गरी खेल्छन् ।<br>(ख) चीनमा 'च्वेज महोत्सव'<br>(ग) अमेरिकामा प्रत्येक वर्ष अक्टोबर ३१ का दिन 'हेलोविन पर्व' रङ्ग छ्यापी मनाउँछन् ।<br>(घ) जर्मनमा 'इस्तर' महोत्सव<br>(ङ) म्यानमारमा 'टिङ्गुला महोत्सव'<br>(च) थाइल्याण्डमा 'साक्रान महोत्सव' | | ४. होली जस्तै रङ्ग खेल्ने कुनै चार वटा देशको नाम भन्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | (छ) पोल्याण्डमा 'आरसिना महोत्सव'<br>(ज) चेकोस्लोभाकियामा 'बोलिभा कानोन्स'<br>(झ) इटालीमा 'रडिका महोत्सव'<br>(ञ) त्यस्तै अफ्रिकामा अत्याचारी जङ्गली राजा प्रिन्स ओगना बोगाको पुतलालाई थोत्रो कपडा र जुत्ताको माला लगाई सहभागीहरू आफूले आफैलाई रङ्ग दलेर नाचगान गर्दछन् । | | | |

## सहायक सामग्री : खपको पहिचान भाग ४

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६. (ख) बिस्का जात्रा | १. लिङ्गो उभ्याउने र ढाल्ने जात्राको नाम र यस जात्रामा जात्रा गर्ने दुई वटा रथहरूको नाम बताउन । | (क) स्थानीय भाषामा योःसिंद्यः (लिङ्गो) र भैल खः, नकिंजु खचा | १. योसिंख्यः (भेलुखेल) मा चैत्र मसान्तका दिन दुई वटा हलिंपत्ता वा विश्वध्वजासहितको योसिंद्यः (लिङ्गो) भैलख (रथ) मा विराजमान भैरवनाथ र नकिंजु खःमा भद्रकाली देवीको उपस्थितिमा योसिंद्यः उठाई र वैशाख १ गते (खाई सल्हु) का दिन योसिंद्यः ढाली मनाउने जात्रा 'बिस्का जात्रा' हो । यस जात्रा वैशाख १ गतेभन्दा ४ दिन अगाडिबाट सुरु भई ८ रात र ९ दिनसम्म मनाइन्छ । | जात्राको तस्वीर वा भिडियो | १. दुई वटा रथको स्थानीय नाम भन्नुहोस् । | ६ |
| | २. ८ रात र ९ दिनसम्म जात्रा मनाउने बिस्का जात्रामा हुने विभिन्न देवीदेवताको जात्राको छोटो वर्णन गर्न । | (क) द्यः क्वहाँ बिज्याइगु, योसिंद्यः उठाउने र ढाल्ने, द्यः फले ब्वइगु, द्यः स्वगं बियेगु । | १. स्थानीय एक दुई जना विद्यार्थीलाई 'द्यः कोहाँ बिज्याइगु' सम्बन्धी भन्न लगाउनुहोस् । शिक्षकले नै स्पष्ट व्याख्या गरिदिनुहोस् । "वैशाख १ गतेभन्दा ४ दिन अगाडिबाट बिस्काको सुरुको जात्रामा भैरव र बेताल देवतालाई देवघरबाट रथमा विराजमान गराई रथलाई तौमढीको तलतिर तान्ने चलन छ ।"<br>२. चैत मसान्तको दिन र वैशाख १ गने बिस्का जात्रामा के को जात्रा हुन्छ ? अभिभावकसँग सोधेर लेखेर ल्याउने गृहकार्य दिनुहोस् । त्यसलाई कक्षामा प्रस्तुत गर्न लगाई अन्तरक्रियाको माध्यमबाट स्पष्ट गरिदिनुहोस् ।<br>३. तपाईंहरूमध्ये कसलाई थाहा छ, 'द्यः फले ब्ययगु' र 'द्यः स्वगं बियेगु' को अर्थ बताइदिनुहोस् ।<br>– उत्तर सुनिकेपछि आफ्नो भनाइ राखी स्पष्ट पारी दिनुहोस् : 'नगरभित्रका द्यः छें (देवघर) बाट त्यहाँका देवीदेवतालाई सम्बन्धित पाटीपौवामा विराजमान गराउनुलाई 'द्यः फले ब्वयगु' र भोलिपल्ट भक्तजनहरू पूजा गर्न आउनुलाई 'द्यः स्वगं बियेगु' भनिन्छ । | भैल खःको तस्वीर<br><br>योसिंद्यःको तस्वीर | २. द्यः कोहाँ बिज्याइगुको शाब्दिक अर्थ भन्नुहोस् ।<br><br>३. बिस्का जात्रामा वैशाख १ गते के को जात्रा हुन्छ ? | |

**कक्षा : ३**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ४. बिस्का जात्राको अन्तिम दिनमा के को जात्रा हुन्छ ? विद्यार्थीबाट उत्तर सुनिसकेपछि आफ्नो उत्तर राखिदिनुहोस् : 'द्यः थाहाँ बिज्याकेगु' भनेको भैरवको रथलाई टौमढीबाट माथितिर पूर्वतर्फ तान्ने चलनलाई भनिन्छ । सो पछि भैरव देवता, बेताल भैरव देवता र भद्रकाली देवीलाई देवघरमा लगी विराजमान गराइन्छ । | भैल खः र नकिन्जु खः को तस्वीर | ४. बिस्का जात्रा कति दिन र कति रात मनाइन्छ ? | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७. प्रचलित स्थानीय संस्कारहरू**<br><br>(क) चथा पूजा | १. चथा शब्दको बनौट र चथा द्यः को अर्थ बताउन । | (क) चथा शब्द र चथा द्यः कुन भाषाबाट आएको बताउने । | १. कुन देवतालाई चथा द्यः मानी पूजा गर्नुहुन्छ ?<br>विद्यार्थीहरूको उत्तर सुनिसकेपछि निम्न कुराबाट स्पष्ट पारिदिनुहोस् : 'चथा' शब्द नेपालभाषाबाट आएको शब्द हो । चौथी शब्दबाट चथा शब्द बनेको भन्ने संस्कृतिविद्हरूको भनाइ छ । 'चथा द्यः' नेपालभाषा शब्दको अर्थ 'चोर देवता' भन्ने अर्थ दिन्छ । चौथीको दिन पूजा गर्ने फूल चोर्न आएका इन्द्र देवतालाई चथा द्यः मानी पूजा गरिन्छ । | बजारमा बेची राख्ने चथा द्यःको फोटो | | ५ |
| | २. चथा पूजा मनाउने तिथि, यस पर्वसँग सम्बन्धित देवीदेवताहरू र यस पूजामा प्रयोग गर्ने विशेष सामग्रीहरूका नाम बताउन । | (क) मनाउने दिन, पूजा गर्ने देवी देवताहरू र पूजा सामग्रीहरू | १. निम्नलिखित प्रश्नहरूको उत्तरपछि आफ्नो भनाइ राखिदिनुहोस् : (क) चथा पूजा कुन महिनामा पर्दछ ?<br>(ख) यस पूजामा पूजा गर्ने देवीदेवताहरू र पूजा सामग्रीहरू के के प्रयोग गर्दछन् ?<br>– 'चथा पूजा' भाद्र महिनाको शुक्ल चौथीको दिन मनाइन्छ । यस पूजामा इन्द्र देवता, गणेश, चन्द्रमालाई पूजिन्छ । यस पूजामा विशेष पूजा सामग्रीको रूपमा पारिजातको फूल, पलेस्वाँ लपते (कमलको पात) बसिपु (आरुको भुटेको बियाँ), मासु, चिउरा, भटमास, मकै, यस समयमा पाइने सबै फलफूलहरू, पालुमा (अदुवाको बोट) आदि । | यम द्यः को फोटो | १. यम द्यःको राम्रो चित्र बनाउनुहोस् । | |
| | ३. चथा द्यःलाई चोर देवताको रूपमा लिने प्रचलित सान्दर्भिक आख्यानको वर्णन गर्न । | (क) बसुन्धारा पूजाको लागि पारिजातको फूल, चोर मानी इन्द्रलाई बाँधिराखेको धान पाक्नलाई शीत (तुषारो) दिने । | १. यम द्यःको फोटो टाँसी निम्नलिखित प्रश्नहरू सोधी छलफल गर्नुहोस् :<br>(क) फोटो देखाउँदै यो देवताको नाम के हो ?<br>(ख) टोल टोलमा बाँधेर किन राखेको होला ?<br>"इन्द्र देवको आमा बसुन्धरालाई पूजा गर्न पारिजात फूल लिनको लागि इन्द्रलाई काठमाडौँ पठाउँदा मानिसको भेषमा आउनुभएका इन्द्रले नसोधिकन पारिजात फूल चोरिरहेको बेला बगैँचा मालिकले देखेर चोर भनी बेइज्जत गर्न बजारमा डोरीले बाँधी राखे । | यम द्यःको चित्र<br>– पारिजात फूल वा फूलको चित्र | २. यस आख्यान घटनालाई अभिभावकलाई सुनाई अन्य सम्बन्धित आख्यान भए सुनेर आएर कक्षामा सुनाउन लगाउने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | धेरै समयसम्म पनि छोरा नफर्कँदा आमा आफै खोज्दै आउँदा छोरालाई बाँधीराखेको पाउँदा बगैँचा मालिकसँग बिन्तीभाव गरी उपत्यकामा धान पाक्न आवश्यक खसु (तुषारो) दिने वाचा पछि छोडे । यही घटनाक्रम अनुसार उपत्यकामा इन्द्रको प्रतीकको रूपमा काठको मुढाको यम द्यः बनाई टोलटोलमा राख्ने चलन चलाएको देखिन्छ ।"<br>– त्यसैले चथा पूजामा इन्द्र देवतालाई चोर देवताको रूपमा पूजिन्छ । | | | |
| | ४. भाद्र शुक्ल चौथीको दिनको चन्द्रमा हेर्न नहुने प्रचलित आख्यान बताउन । | | १. चथा पूजा मनाउने दिनको चन्द्रमालाई कसै कसैले चोरको आक्षेप लाग्ला भनी हेर्दैनन् । किन होला थाहा हुनेले भन्नुहोस् : उत्तर आएपछि यी प्रचलित आख्यान सुनाई विचार गर्ने मौका दिनुहोस् ।<br>"चथा पूजा (भाद्र शुक्ल चौथी) का दिन गणेशको जन्मदिन हुँदा सबै देवीदेवताहरू भेला भई गणेशको गुनगान भइरहेको बेला चन्द्रमालाई चापलुसी कुरा गर्न नआई गणेशको शारीरिक बनोटलाई लिएर कुरूप भनी गिज्याउँदा गणेश ज्यादै रिसाई चन्द्रमालाई तिम्रो रूप कसैले पनि नहेरोस् भनी श्राप दिएछन् । श्रापको कारण सबै देवतीदेवताले तिरस्कार गर्नाले ज्यादै दुःखी भई नारदको सल्लाहअनुसार महादेवको तपस्या गरे तर महादेवले पनि गणेशसँगै क्षमा माग्नू भनी सल्लाह दिए । अनि गणेशसँग क्षमा माग्दा गणेश खुसी भई श्रापको समयावधि घटाई एकदिन भाद्र शुक्ल चौथीको दिनमा मात्र सीमाङ्कन गरिदिएको कारणले सो दिन कसै कसैले चन्द्रमालाई हेर्दैनन् ।" | | | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७.** (ख) येन्या पुन्हि | १. यमद्यः टोलटोलमा उभ्याउनुको कारण बताउन । | (क) इन्द्रायणीको जात्रा<br>– इन्द्रको छोरा जयन्त<br>– फलफूल चोरेको । | १. भक्तपुर सहरको टोलटोलमा यम द्यःलाई बाँधेर किन राखेको होला ? तपाईंहरूमध्ये कसैलाई थाहा भए भन्नुहोस् । उत्तर सुनिसकेपछि यो भनाइबाट स्पष्ट पारिदिनुहोस् : "हाम्रा अग्रजहरूको भनाइअनुसार इन्द्रायणी देवीको जात्रा हेर्न स्वर्गबाट इन्द्रको छोरा जयन्त पृथ्वीमा आउँदा राजाको बगैँचाको रसिलो फलफूल देखेपछि लोभले रुखमै बसी खान थालेको राजाको पहरेदारले देखेपछि चोर सम्झी त्यही रुखमा बाँधी सजाय दिइएको थियो । आजभोलि त्यसैको प्रतीकको रूपमा डोरीले बाँधेको यमा द्यः बनाई सजाय स्वरूप टोलटोलमा राखेको बुझिन्छ । | – यमा द्यः को फोटो | १. अभिभावकसँग जयन्तलाई रुखमा बाँधिएको कथा सुन्नुभएको छ छैन वा अर्कै कथा सुन्नुभएको भए सुनेर आएर कक्षामा सुनाउन लगाउनुहोस् । | ६ |
| | २. येन्या पूर्णिमा ख्वपमा हुने यमाद्यः सम्बन्धी विभिन्न जात्राको व्याख्या गर्न । | (क) पूरै हप्ता कार्यक्रमको तालिकाको प्रस्तुति | १. येन्या पूर्णिमा ख्वपमा हुने यमद्यः सम्बन्धी विभिन्न कार्यक्रमहरूमध्ये कसलाई के गर्ने कार्यक्रम थाहा छ पालैपालो भन्नुहोस् । विद्यार्थीहरूको उत्तर सुनिसकेपछि छोटकरीमा एक हप्ताभरि हुने पूरै कार्यक्रम बोर्डमा लेख्नुभई छलफल गर्नुहोस् ।<br>(क) सुरुको दिन (भाद्र द्वितीया) – यमद्यः टोल टोलमा ठड्याउने ।<br>(ख) चौथो दिन – यमद्यको अगाडि होम गर्ने<br>(ग) पाँचौं दिन – यामता ल्याउने ।<br>(घ) छैटौं दिन – मूपात्र र ढिचाको परिक्रमा<br>(ङ) सातौं दिन – मूपात्र र ढिचाको परिक्रमा<br>(च) आठौं दिन – पुलुकिसि ल्याउने, मूपात्र र ढिचाको परिक्रमा | – यामता मूपात्र र पुलुकिसिको फोटो । | २. कुन दिनबाट कति दिनसम्म मूपात्रले नगर परिक्रमा गर्छ ? लेख्नुहोस् । | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
| --- | --- | --- | --- | --- | --- | --- |
| | ३. यमाद्य र पुलुकिसिको सम्बन्धबारे वर्णन गर्न । | | १. कसले कसले पुलुकिसि देखेको छ ? के केबाट पुलुकिसि बनाइएको छ ? यी प्रश्नहरूलाई लिएर अन्तर्क्रिया गर्नुहोस् र यी भनाइहरू राखी स्पष्ट पारिदिनुहोस् : "सामाजिक मान्यतानुसार इन्द्रले आफ्नो ऐरावत हात्तीलाई छोरा जयन्तलाई खोज्न पठाएको भनी त्यसको प्रतीकको रूपमा मान्द्रोको सुँड बनाई नीलो कपडाले छोपी विशाल हात्तीको प्रतिमूर्ति (पुलुकिसि) बनाई नगरपरिक्रमा गराई जात्रा गर्ने गरिन्छ । सुनिन्छ ती पुलुकिसिले मुपात्र (राजा) लाई भेटेमा कुल्ची कुल्ची मार्न लगाउन पठाएको पुरानो किंवदन्ती छ । | छ्वाली बाली पुलुकिसि भित्र बस्ने मानिसले घण्टी बजाई परिक्रमा गर्दछ । | ३. यस जात्रामा मूपात्र र पुलुकिसि सँगसँगै परिक्रमा गरिएको छ ? | |

**सहायक सामग्री : ख्वपको पहिचान भाग ४**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **८. स्थानीय कला र सम्पदाहरू:** (क) स्थानीय बाजाहरू | १. स्थानीय बाजाहरूको नाम बताउन | १. 'गुलाँ बाजा', 'धाँ बाजा' को परिचय | १. तपाईंहरूले के–के बाजाहरू बजाएको देख्नुभएको छ ? भनी प्रश्न गर्ने ।<br>– उनीहरूले भनेका बाजाहरूको नाम सेतोपाटीमा टिप्दै जाने । 'गुलाँ बाजा' र 'धाँ बाजा' को परिचय बताउने । | भिडियो, वास्तविक बाजाहरू, तस्वीरहरू | १. आवाजको आधारमा बाजाहरू छुट्याउनुहोस् । | ८ |
| | २. आवाजको आधारमा बाजाहरू छुट्याउन । | | – बाजा बजाउँदै गरेको तस्वीर देखाई के के बाजा बजाएको छ ? सोध्ने ।<br>– बाजा बजाइएको भिडियो देखाएर बाजाहरूको नाम सोध्ने ।<br>– विद्यार्थीहरूबाट सही जवाफ नआएमा शिक्षकले तस्वीरको सहयोग लिएर स्पष्ट पार्ने । | तस्वीरहरू भिडियो | २. आवाजको आधारमा बाजाहरुको नाम भन्नुहोस् । | |
| | ३. गुलाँ बाजा, धाँ बाजाको छोटो परिचय दिन । | | – जिग्स विधि प्रयोग गरेर शिक्षकले विज्ञ समूह र घरेलु समूह तयार गरी विज्ञ समूहलाई निम्न कुराहरू बताई घरेलु समूहमा स्पष्ट पार्न लगाउने ।<br>– धाँ बाजा नौ बाजाअन्तर्गत पर्दछ । धाँ बजाउने चलन अनुसार धाँ दुई किसिमको हुन्छ : धाँ र धाँचा । धाँको आकार ठूलो हुन्छ भने धाँचा, धाँको झण्डै आधा आकारको मात्र हुन्छ । धाँ रुखको बीच भागको सिधा जाने मुढाबाट बनाइएको हुन्छ । मुढाको टुक्रालाई भित्र खोक्रो बनाई छालाले मोडी तान कसेर आवश्यक मसला हाली बनाइन्छ । धाँ दुईतिर बज्छ एकतिर लठ्ठीले बजाइन्छ भने अर्कोतिर हातले बजाइन्छ । हातले बजाउनेतिरलाई नास भनिन्छ भने लठ्ठीले बजाउनेतिरलाई हायमा अथवा मंका भनिन्छ । | तस्वीरहरू भिडियो | ३. गुँला बाजाको छोटो परिचय दिनुहोस् । | |

कक्षा : ३

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | – श्रावण शुक्ल प्रतिपदादेखि एक महिनासम्म मनाइने गुँला महिना  भगवान बुद्धमा समर्पित महिनाको रूपमा लिइन्छ । नेपाल संवत्को गुँला महिनाभरि बौद्धमार्गीहरू बिहान सबेरै बौद्ध बहा, बहिहरूमा परिक्रमा गर्दछन् । यसरी परिक्रमा गर्ने क्रममा एक प्रकारको बाजा बजाउने गर्दछ जसलाई गुँला बाजा भनिन्छ । यस बाजामा मुख्य बाजा धाँ हो । धाँ लगायत नेकु,पोङा, नायखिं, तँ, भुस्या, डंगा, भ्याली, दबदब पनि गुँलाको समयमा बजाउने गरिन्छ ।<br>– सम्भव भए वास्तविक बाजा नै कक्षामा ल्याएर बजाएर देखाउने ।<br>– आवाजको आधारमा बाजाहरूको नाम भन्न लगाउने ।<br>– गुलाँ बाजा र धाँ बाजा कुन कुन अवसरमा बजाइन्छ, स्पष्ट पार्ने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८. (ख) स्थानीय नाचहरू | १. कलांली, भ्याउरी प्याखंको नाम बताउन ।<br><br>२. दृश्यको आधारमा नाचहरू छुट्याउन ।<br><br>३. कलांली, भ्याउरी प्याखंको छोटो परिचय दिन । | १. कलांली, भ्याउरे प्याखं (नाच)को नाम<br>२. कलाकार सङ्ख्या, बाजा बजाउने सङ्ख्या, कलाकारले लगाउने भेषभूषा, हाउभाउ, नाच्ने पर्व<br>३. यी नाचहरूको सांकृतिक महत्त्व | - विद्यार्थीले देखेका विभिन्न नाचहरूको नाम पालैपालो बताउन लगाउने ।<br>- विद्यार्थीले देखेका नाचहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>- कलांली, भ्याउरेहरूको क्लिप्सहरू देखाउने<br>- दृश्य देखाएर ती नाचहरूको नाम के हो ? भनी सोध्ने ।<br>- अब मेरो पालो विधि प्रयोग गरी विद्यार्थीहरूलाई पालैपालो बोल्न दिने ।<br>- विद्यार्थीहरूको कुरा सुनिसकेपछि शिक्षकले ती नाचहरूको परिचयसहित बयान गरिदिने<br>जस्तै : नाचको नाम, कलाकार कति जना, बाजा बजाउने कति जना, कलाकारले लगाउने भेषभूषा, हाउभाउ, नाच्ने पर्व, सांस्कृतिक महत्त्व आदि ।<br>- कलाँली प्याखंमा हाकु पटासी लाएकी एक स्वास्नी मान्छेले कलाँली समाई दायाँ बायाँ हेर्दै कसैले देख्ने पो हो कि भनेर झुकेर, डर मान्दै पूजाका लागि प्रस्थान गर्ने दृश्य साङ्केतिक रूपमा यस नाचमा प्रस्तुत गरिन्छ । भक्तपुरमा प्रायः गाईजात्राको समयमा प्रस्तुत गरिने कलाँली प्याखँमा प्रायः एकजना केटाले केटीको भेषमा कलाँली समाई अर्को केटाले लठ्ठी समाई समसामयिक तथा परम्परागत गीत गाई नाच्ने गर्दछ । हाल केटाले केटीको भेष नगरी केटीले नै कलाँली प्याखं नाचेको पाइन्छ ।<br>- भ्याउरी प्याखं पनि गाईजात्राको समयमा नाच्ने गर्दछ । पुरानो प्रचलित गीतको लयमा समसामयिक विषयवस्तुमा व्यङ्ग्यात्मक तथा प्रगतिशील शब्दहरू भरी नाच्ने प्याखं भ्याउरी प्याखं हो ।<br>- सम्बन्धित पर्वमा नाचहरू अवलोकन गराउने । | नाचहरूको क्लिप्सहरू,<br><br>तस्वीरहरू | १. कलांली प्याखंमा कति जना कलाकारहरू नाच्छन् ?<br><br>२. भ्याउरी प्याखंको छोटो परिचय दिनुहोस् । | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८.<br>(ग) स्थानीय मन्दिरहरू | १. स्थानीय मन्दिरहरूको परिचय दिन ।<br><br>२. स्थानीय मन्दिरहरूको चित्र कोर्न । | - ज्याठा गणेश,<br>- इनागः गणेश,<br>- माकचो गणेश,<br>- गोल्मढी गणेश,<br>- इताछें गणेश,<br>- छुमा गणेश,<br>- बालाखु गणेश<br>- यातु गणेश<br>- सलाँ गणेश<br>- गोल्मढी गणेश | ❑ विद्यार्थीहरूलाई भक्तपुर नगरभित्रका गणेश मन्दिरहरूको नाम भन्न लगाउने ।<br>❑ उनीहरूले भनेका गणेश मन्दिरहरूको नाम सेतोपाटीमा टिप्दै जाने ।<br>❑ ती मन्दिरहरूको तस्वीर देखाई तिनीहरूको नाम सोध्ने ।<br>❑ विद्यार्थीहरूबाट सही जवाफ नआएमा शिक्षकले तस्वीरको सहयोग लिएर स्पष्ट पार्ने<br>❑ ती मन्दिरहरूको छोटो परिचय भिडियो क्लिप्स् वा विभिन्न लेख रचनाहरूको सहयोगबाट दिने ।जस्तै :<br>❑ ज्याठा गणेश भक्तपुरको तालाक्वमा अवस्थित छ । नेपाल संवत् ७६६मा स्थानीय कुम्हाले प्रजापति जातिले यस ज्याठा गणेशको निर्माण गराएका हुन् भन्ने मान्यता छ ।<br>❑ इनागः गणेश भक्तपुर नगरपालिका वडा नं. १ मा अवस्थित छ । भक्तपुरको प्रसिद्ध सिद्धपोखरीसँगै रहेको यस इनागा गणेश दर्शन गर्न बाटोभन्दा तल झर्नु पर्दछ ।<br>❑ माकचो गणेश भक्तपुर नगरपालिका वडा नं. ४ मा पर्दछ । यस मन्दिर जान मङ्गलतीर्थबाट केही माथि चढ्नुपर्छ भने थुगुचो टोलबाट केही तल झरेपछि पुग्न सकिन्छ ।<br>❑ भक्तपुर दरबारक्षेत्रबाट फसिदेगः (सिलुमहाद्यः) हुँदै त्रिपुरासुन्दरीतर्फ लाग्दा बाटैमा बालाखु गणेशको मन्दिर अवस्थित छ । भक्तपुर नगरपालिका वडा नं.२ र ५ को सिमानामा रहेको बालाखु गणेशको विस्का जात्रामा विशेष तरिकाले गरिन्छ । बालाखु गणेशलाई कार्यसिद्धि हुने तथा कुनै सामान हराएमा बालाखु गणेशको पूजा आराधना गरेमा सामग्री भेटिने जनविश्वास रहँदै आएको छ । | भिडियो, मन्दिरको तस्वीरहरू | १. इनागा गणेशको छोटो परिचय दिनुहोस् ।<br><br>२. बालाखु मन्दिरको चित्र कोर्नुहोस् । | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| | | | ❑ कमलपोखरीको किनारमा यातुगणेशको मन्दिर अवस्थित छ । यहाँ मङ्गलबार र शनिबारको दिन भक्तजनहरूको भीड लाग्ने गर्दछ । यहाँको शीलालेखअनुसार यातु गणेशको स्थापना नेपाल संवत् ७७५ मा भएको देखिन्छ । यस यातु गणेश नजिकै दुई वटा चैत्य पनि स्थापित छन् ।<br>❑ सलाँ गणेशको मन्दिर भनपाको वडा नं. ९ मा पर्दछ । विक्रम संवत्को १७ औं शताब्दीमा निर्मित तीनतले सलाँ गणेशको मन्दिर भक्तपुरको दत्तात्रय क्षेत्रको उत्तरतर्फ चौबाटोको बीचमा अवस्थित छ । यो मन्दिर राजा जगतप्रकाश मल्लका पालामा निर्माण भएको मानिन्छ ।<br>❑ भक्तपुर नगरपालिका वडा नं. ७ मा गोल्मढी गणेश अवस्थित छ । विस्का जात्रामा विशेष पूजा हुने गोल्मढी गणेश क्षेत्रको अर्को प्रख्यात देवस्थल रामझोपडी पनि हो । राम सीता र लक्ष्मणको मूर्तिसहित भजनघर शैलीमा सडकसँगै रामझोपडी निर्माण गरिएको छ ।<br>❑ इताछें गणेश भक्तपुर नगरपालिका वडा नं. ३ मा पर्दछ । भक्तपुर दरबार क्षेत्र जाने बाटैमा अवस्थित यस मन्दिरमा गणेशको ठूलो मूर्ति देख्न सकिन्छ ।<br>❑ भक्तपुरको प्रमुख गणेश मन्दिरहरूमध्ये छुमा गणेशलाई विशेष रूपमा पुजिन्छ । धातु छानाले छाएको मन्दिर मल्लकालमा निर्माण गएको हो । यस मन्दिर परिसरमा भजन गर्ने फल्चा पनि छ । छुमा गणेश भक्तपुर नगरपालिकाको वडा नं. ६ मा पर्दछ ।<br>❑ सम्भव भएसम्म ती मन्दिरहरूको भ्रमण गरी मन्दिरको परिचय दिने ।<br>❑ कुनै दुई वटा मन्दिरहरूको चित्र कोर्न लगाउने ।<br>❑ बुढापाकाहरूसँग मन्दिरको बारे के कस्तो किंवदन्ती छन् ? सोधखोज गर्न लगाउने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९. स्थानीय व्यवसाय, सीप र प्रविधि**<br>(क) पेशा | १. शिक्षण, व्यापार तथा कृषि व्यवसायको छोटो परिचय दिन । | शिक्षण, व्यापार तथा कृषि व्यवसायको छोटो परिचय | ❑ ख्वपमा के के पेशा वा व्यवसाय अपनाइरहेका मानिसहरू छन् ? भनी प्रश्न गर्ने ।<br>❑ विभिन्न व्यवसायमध्ये ख्वपमा शिक्षण, व्यापार र कृषि पेशाको बारेमा छोटो परिचय दिने ।<br>❑ ती पेशाप्रति अपनत्व कायम गर्न विभिन्न क्रियाकलापहरू गर्ने । | वास्तविक व्यक्ति तथा चित्रहरू | १. शिक्षण पेशाको छोटो परिचय दिनुहोस् । | ५ |
| (ख) माटाका सामानहरू | १. माटोबाट विभिन्न फलफूलहरू बनाउन । | केरा , सुन्तला, स्याउ, अम्बा आदि । | ❑ माटोबाट के के सामानहरू बनाउन जान्दछौं ? भनी सोध्ने ।<br>❑ सबै विद्यार्थीहरूलाई माटो दिएर आफूलाई मनमर्ने सामान बनाउन लगाउने र के बनाएको हो सोध्ने ।<br>❑ माटोबाट विभिन्न फलफूलहरू बनाउन सिकाउने<br>❑ माटोबाट बनाइएको सामानको तस्वीर वा श्रव्यदृश्य देखाउने ।<br>❑ उनीहरूले बनाएका सामानहरू सबैले देख्ने ठाउँमा प्रदर्शन गर्ने । | तस्वीरहरू, भिडियो क्लिप्स | अवलोकन गर्ने | ५ |
| (ग) सिलाइ बुनाइ | १. आफ्नो लुगाको टाँक आफै राख्न ।<br><br>२. सिलाइ उप्केको, च्यातेको लुगा आफै सिउन । | – पुरानो लुगाका टाँकहरू<br><br>– सिलाइ उप्केको लुगाहरू | – सबैलाई पुरानो लुगा, सियो धागो ल्याउन भन्ने<br>– लुगामा टाँक लगाउन सिकाउने ।<br>– उप्कको च्याटेको लुगा आफै सिउन प्रेरित गर्ने<br>– उनीहरूले सिएको नमिलेको ठाउँमा शिक्षकले सहयोग गर्ने । | भिडियो क्लिप्स, पुरानो लुगा, टाँक, सियोधागो | अवलोकन | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९.** (घ) खाद्य परिकार | १. मासुको परिकारहरूको नाम भन्न । | – मासुको परिकार हरूको नामहरू । जस्तैः दाय्काला, काचिला, तकोला, भुटन, हैंला, पँला, जँला, स्वपु म्हिचा, खागो, चोही, न्हेपु पुकागु, तीसं, | – विद्यार्थीहरूलाई आ–आफ्नो घरमा खाने खाद्य परिकारहरू भन्न लगाउने ।<br>– मासुको के के परिकार खानुभएको छ ? भनी सोध्ने । उनीहरूले भनेका परिकारहरूको नाम सेतोपाटीमा टिप्दै जाने । उनीहरूले भन्न छुटेका परिकारहरू सेतोपाटीमा टिप्ने जस्तैः दाय्काला, काचिला, तकोला, भुटन, हैंला, पँला, जँला, स्वपु म्हिचा, खागो, चोही, न्हेपु पुकागु, तीसं, आदि । | चित्र तथा भिडियो क्लिप्स्<br><br>अवलोकन | १. मासुका विभिन्न परिकारहरूमध्ये कुनै पाँच वटा परिकारहरू बताउनुहोस् । | ५ |
| | २. मिक्वा, पंक्वाको परिचय दिन र बनाउन तथा आवश्यक सामग्रीहरूको सूची बनाउन । | – मिक्वा, पंक्वाको परिचय र बनाउन आवश्यक सामग्रीहरूको सूची जस्तै : मेथी, सानो केराउ, लप्सी, हिङ, मसला आदि । | – मिक्वा र पंक्वाको परिचय दिई यो परिकार बनाउने सामग्री तथा बनाउने विधिबारे बताउने । जस्तै : मेथी, सानो केराउ, लप्सी, हिङ, मसला आदि ।<br>– सम्भव भए मिक्वा र पंक्वा बनाई सबैलाई खुवाउने । | चित्र तथा भिडियो | २. मिक्वाको परिचय दिनुहोस् । | |
| | ३. बुलु बनाउन । | – बुलु बनाउन । | – घरमा बिहान चियाको सट्टा बुलु कसले कसले खानुभएको छ भनी सोध्ने ।<br>– बुलुले दिने फाइदाको बारेमा बताउने । बुलु बनाउने सामग्रीहरू जस्तै : गेडागुडीको पीठो, पानी, बेसार, आदिको बारेमा बताउने ।<br>– बुलु बनाउने विधि बताई घर घरमा चियाको सट्टा बुलु बनाई खान प्रेरित गर्ने ।<br>– विद्यालयमा नै बुलु बनाई सबैलाई खुवाउने । | चित्र तथा भिडियो | अवलोकन | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१०. स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि** | १. विषेश अवस्थामा प्रयोग हुन कुनै पाँच जडीबुटीहरूको सूची तयार गर्न । | १. विषेश अवस्थामा प्रयोग हुन स्थानीय जडीबुटीहरू जस्तै, इष्टमी, कसु, नान्सिचा (पानी अमला) ,आदि । | ❑ तपाईंको दैनिक वा कहिलेकाहीँ विषेश अवस्थामा प्रयोग हुने स्थानीय जडीबुटीहरू के के छन् ? भनी प्रश्न सोध्ने ।<br>❑ उनीहरूबाट आएका उत्तरहरू सेतोपाटीमा टिप्ने र तिनीहरूमध्ये प्रयोगको आधारमा छुट्याउने र सकेसम्म तिनीहरूको औषधिको गुण बताउने ।<br>❑ तीबाहेक इष्टमी, कसु, नान्सिचा (पानी अमला) आदिको उपयोग बताउने ।<br>❑ नामअनुसारको जडीबुटीहरू पहिचान गर्न लगाउने ।<br>❑ कुन जडीबुटीले के काम गर्न चित्रको सहयोग लिई बताउने । | बास्तविक जडीबुटीहरू वा चित्रहरू | १. जडीबुटीहरूको एल्बम बनाउनुहोस् ।<br><br>२. विशेष अवस्थामा प्रयोग हुने कुनै पाँच पाँच वटा जडीबुटीहरूको नाम लेख्नुहोस् । | ४ |
| | २. सामान्य ज्वरोमा प्रयोग गरिने घरायसी उपचार विधि उल्लेख गर्न । | २. सामान्य ज्वरोमा प्रयोग गरिने घरायसी उपचार विधि । | ❑ सामान्य ज्वरो आउँदा घरमा नै गरिने उपचार विधिहरूबारेमा छलफल गर्ने ।<br>❑ यस प्रकारका उपचार विधि सकेसम्म प्रयोग गरि देखाउने ।<br>❑ त्यसको लागि घरमा अभिभावकसँग तथा जानकारसँग सोधेर आई कक्षामा प्रस्तुत गराउन लगाउने । | | ३. ज्वरो आउँदा घरमा नै गरिने उपचार विधि उल्लेख गर्नुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **११. स्थानीय खेल** | १. बालगीत सहितका तथा स्थानीय खेलहरू खेल्न । | बालगीतसहितका खेलहरू<br>१. चुइ चुई गेला गेला<br>२. गोटी खेल (यकं धाला) | ❑ सर्वप्रथम विद्यार्थीहरूलाई स्थानीय पुराना खेलहरूबारेमा छलफल गर्ने ।<br>❑ चउरमा लगि बालगीतसहितका खेलहरू खेलाउने ।<br>१. चुइ चुई गेला गेला<br>२. गोटी खेल (यकं धाला)<br>❑ खेल खेलाउनुअघि खेल खेल्ने नियम राम्ररी बुझाउने ।<br>❑ खेललाई बढी उद्देश्यमूलक र मनोरञ्जनात्मक बनाउन प्रयास गर्ने ।<br>❑ विद्यार्थीहरूले क-कसले राम्रो खेले/नखेलेको रेकर्ड राख्ने ।<br>❑ खेलसँगै गीत पनि गाउन लगाउने ।<br>❑ घरमा आफ्नो अभिभावकसँग पुराना खेल के के छन् र कसरी खेल्न सकिन्छ ? सोधेर आउन भन्ने । | गोटीहरू, खेलका नियम | अवलोकन | ८ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१२. स्थानीय पर्यटन** | १. पर्यटकीय स्थानहरूको परिचय दिन । | पर्यटकीय स्थानहरू जस्तै, दरबार क्षेत्र, तौमढी, दत्तात्रय, पोटरी स्क्वायर, सिद्धपोखरी आदि । | ❑ पर्यटकको बारेमा विद्यार्थीहरू बीचमा छलफल गरी त्यसका प्रकारहरू बारे बताउने ।<br>❑ ख्वपको कुनै ठाउँमा लगी विभिन्न देशका पर्यटकहरू घुम्न आएको देखाउने ।<br>❑ पर्यटकसँग सम्बन्धित विभिन्न भिडियो क्लिप्सहरू देखाइ छलफल गराउने ।<br>❑ पर्यटनबारेमा परिचय दिने । | १. पर्यटकीय स्थानहरूका फोटोहरू | १. भक्तपुरका कुनै पाँच वटा पर्यटकीय स्थानहरू भन्नुहोस् । | १० |
| | २. पर्यटकहरूलाई स्थानीय उत्पादन बारेमा बताउन । | पर्यटकहरूको लागि स्थानीय उत्पादनहरू जस्तै, भादगाउँले टोपी, जु जु धौ, हस्तकलाहरू, मुकुण्डो, उपहारका सामग्रीहरू आदि | ❑ पर्यटन व्यवसायबारे विद्यार्थीहरुलाई थाहा भएको कुरा बताउन लगाउने ।<br>❑ पर्यटकहरुले मेसिनबाट बनाएको भन्दा हातले बनाएका सामान मनपराउने कुरा बताउने ।<br>❑ पर्यटकहरुले मनपराउने ख्वपमा बनाइएको सामग्रीहरुमा जुजु धौ, मकुण्डो, हस्तकलाका सामग्री आदि भएको स्पष्ट पार्ने । | १. पर्यटकहरूको लागि स्थानीय उत्पादनहरूका फोटोहरू<br>२. भिडियो क्लिप्स | २. पर्यटकहरूको लागि कुनै १० वटा स्थानीय उत्पादनहरूका नामहरू लेख्नुहोस् । | |

स्थानीय पाठ्यक्रम - २०८२

## समष्टिगत मूल्याङ्कन अभिलेख कक्षा - ३

| एकाइ | विषयहरु | पाठ्यभार | सिकाइ उपलब्धि | | विद्यार्थीको प्राप्तांक | सिकाइ उपलब्धि प्रतिशत | समग्र उपलब्धिस्तर |
|---|---|---|---|---|---|---|---|
| | | | संख्या | पूर्णांक | | | |
| १ | 'ख्वप दे'को चिनारी | | | | | | |
| २ | ख्वपको इतिहास | | | | | | |
| ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | | | | | | |
| ४ | स्थानीय बोलीचाली र लिपि | | | | | | |
| ५ | व्यावहारिक तथा शील स्वभावजन्य शिक्षा | | | | | | |
| ६ | स्थानीय विविध संस्कृति | | | | | | |
| ७ | प्रचलित स्थानीय संस्कारहरू | | | | | | |
| ८ | स्थानीय कला र सम्पदाहरू | | | | | | |
| ९ | स्थानीय व्यवसाय, सीप र प्रविधि | | | | | | |
| १० | स्थानीय स्वास्थ्य प्रवर्द्धन विधि | | | | | | |
| ११ | स्थानीय खेल | | | | | | |
| १२ | स्थानीय पर्यटन | | | | | | |
| | जम्मा | १६० | | | | | |

तयार गर्ने :
नाम :
दस्तखत :
मिति :

प्रमाणित गर्ने :
नाम :
दस्तखत :
मिति :

स्थानीय पाठ्यक्रम – २०८२

## निरन्तर मूल्यांकन प्रणाली कक्षा – ३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्यांकन अभिलेख पुस्तिका

१. प्रत्येक विद्यार्थीले विषयक्षेत्रका सिकाइ उपलब्धिमा केन्द्रित उपलब्धि हासिल गरे नगरे भन्ने विषयमा पहिचान गरी आवश्यकता अनुसार सिकाइमा थप सहयोग प्रदान गर्ने ।

२. विद्यार्थीको सिकाइ उपलब्धिलाई तलको तालिकाअनुसार १ देखि ४ स्तरमा रेटिङ गरी विषयक्षेत्र अनुसारको सिकाइ उपलब्धिमा अभिलेख गर्ने ।

**विद्यार्थीको उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धि स्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएमा । |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रुपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको । |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरैजसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको । |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको । |

- प्रत्येक सिकाइ उपलब्धि मापनपछिको नतिजा विद्यार्थीहरुलाई जानकारी गराई थप सुधारको लागि प्रोत्साहन गर्ने ।
- सम्बन्धित विद्यार्थीको प्रत्येक पाठको सिकाइ उपलब्धिको बारेमा अभिभावक र शिक्षकले छलफल गरी आवश्यकताका आधारमा सिकाइ सुधारका लागि पहल गर्ने ।
- प्रत्येक विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुग्ने गरी सुधारात्मक क्रियाकलाप सञ्चालन गर्ने ।
- एउटा पाठको सुधारात्मक शिक्षण सिकाइ सकिएपछि त्यसको प्रत्येक विद्यार्थीहरुको देहायबमोजिम उपलब्धि प्रतिशत निकाल्नुपर्दछ ।

$$\text{पाठगत उपलब्धि \%} = \frac{\text{उपलब्धिस्तरको अङ्कहरुको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएको सिकाइ उपलब्धि सङ्ख्या}} \times \text{१००}$$

माथिबाट आएको पाठगत उपलब्धिस्तरको प्रतिशतलाई तपसिल अनुसार ग्रेडमा बदल्नुपर्दछ ।

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत | अक्षरमा उपलब्धिस्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|---|
| १. | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (outstanding) |
| २. | ८० र सोभन्दा माथि र ९० भन्दा कम | ३.६ | A+ | अत्युत्तम (Excellent) |
| ३. | ७० र सोभन्दा माथि र ८० भन्दा कम | ३.२ | A | उत्कृष्ट (very good) |
| ४. | ६० र सोभन्दा माथि र ७० भन्दा कम | २.८ | B+ | उत्तम (good) |
| ५. | ५० र सोभन्दा माथि र ६० भन्दा कम | २.४ | B | सन्तोषजनक (Satisfactory) |
| ६. | ४० र सोभन्दा माथि र ५० भन्दा कम | २.० | C+ | ग्राह्य (Acceptable) |
| ७. | ३५ र सोभन्दा माथि र ४० भन्दा कम | १.६ | C | आधारभूत (No) |
| ८. | ३५ भन्दा कम | – | NG | अवर्गीकृत (Not Graded) |



पुलुकिसि जात्रा



इन्द्रजात्रा




बिस्का जात्रामा भैरवनाथको रथ तान्दै



बिस्का जात्रामा लिंगो उभ्याइँदै